*सूर्यविनायक नगरपालिका, नगरसभाको २०औं अधिवेशनको दोस्रो बैठक (मिति २०८२ असार १० गते)*

**प्रस्तावहरु:**

१. नगरपालिकाको "आर्थिक विधेयक, २०८३" निर्णयार्थ पेश गर्ने सम्बन्धमा।

२. आर्थिक सर्वेक्षण, २०८३ निर्णयार्थ पेश पेश गर्ने सम्वन्धमा।

३. मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/०८३ - २०८४/०८५) MTEF निर्णयार्थ पेश गर्ने सम्बन्धमा।

४. नगरपालिकाको हालसम्मको आय व्यय विवरण निर्णयार्थ पेश गर्ने सम्बन्धमा।

५. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन संशोधन प्रस्ताव निर्णयार्थ पेश गर्ने सम्बन्धमा।

६. नगरपालिकाका केहि ऐन संशोधन गर्न बनेको विधेयक, २०८३ निर्णयार्थ पेश गर्ने सम्बन्धमा।

७. आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) तथा विनियोजन विधेयक, २०८३ पेश, छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

८. विभिन्न समितिका वार्षिक प्रतिवेदनहरु निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

(क) राजश्व परामर्श समिति

(ख) सार्वजनिक लेखा समिति

(ग) न्यायिक समिति

(घ) विधायन समिति

(ङ) नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति

(च) सामाजिक विकास समिति

(छ) आर्थिक विकास समिति

(ज) पूर्वाधार विकास समिति

(झ) वन, वातावरण, विपद व्यवस्थापन समिति

(ञ) सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति

९. आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।

१०. मेलमिलापकर्ताहरुको सूची सम्वन्धमा।

११. आ.व. २०८२/०८३ को दायित्व सरेको भूक्तानी स्वीकृत गर्ने।

१२. आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रमहरुको फरफारक सम्बन्धमा

१३. विविध प्रस्ताव सम्बन्धमा।

(क) कन्टिन्जेन्सी रकम खर्च सम्वन्धमा।

(ख) निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

(ग) तलबी प्रतिवेदन सम्बन्धमा।

(घ) गै.स.स. सम्बन्धमा।

निर्णयहरु:

**निर्णय नं. १: आर्थिक वर्ष २०८३/०८४ को आर्थिक विधेयक, २०८३ निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा।**

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगर प्रमुखबाट निर्णयार्थ प्रस्तुत "नगरपालिकाका केही ऐन संशोधन गर्न बनेको विधेयक, २०८३" माथि पहिलो बैठकमा सम्पन्न छलफलका क्रममा नगरसभा सदस्यहरूबाट प्राप्त राय, सुझाव तथा पृष्ठपोषणलाई आवश्यकताअनुसार समावेश गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम उक्त विधेयक सर्वसम्मतिबाट स्वीकृत एवं पारित भएकोले प्रमाणीकरण, अभिलेखीकरण र राजपत्रमा प्रकाशन तथा कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन नगरसभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २: आर्थिक सर्वेक्षण, २०८३ निर्णयार्थ पेश पेश गर्ने सम्बन्धमा।**

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगर उपप्रमुखबाट निर्णयार्थ प्रस्तुत आर्थिक सर्वेक्षण, २०८३ माथि पहिलो बैठकमा सम्पन्न छलफलका क्रममा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई आवश्यकताअनुसार समावेश गरी उक्त आर्थिक सर्वेक्षण सर्वसम्मतिबाट स्वीकृत भएकोले अभिलेखीकरण गरी आगामी योजना, नीति तथा बजेट कार्यान्वयनको आधार दस्तावेजका रूपमा उपयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ३: मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/०८३ - २०८४/०८५) MTEF निर्णयार्थ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगर उपप्रमुखबाट निर्णयार्थ प्रस्तुत मध्यमकालीन खर्च संरचना (MTEF) (आर्थिक वर्ष २०८२/०८३-२०८४/०८५) माथि पहिलो बैठकमा सम्पन्न छलफलबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई आवश्यकताअनुसार समावेश गरी उक्त मध्यमकालीन खर्च संरचनालाई सर्वसम्मतिबाट स्वीकृत

गर्ने तथा नगरपालिकाको योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनको मार्गदर्शक दस्तावेजका रूपमा कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

**निर्णय नं. ४: नगरपालिकाको हालसम्मको आय व्यय विवरण निर्णयार्थ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगर उपप्रमुखबाट निर्णयार्थ प्रस्तुत चालु आर्थिक वर्षको हालसम्मको आय-व्यय विवरण माथि पहिलो बैठकमा सम्पन्न छलफलबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई आवश्यकताअनुसार समावेश गरी उक्त आय-व्यय विवरण सर्वसम्मतिबाट स्वीकृत भएकोले अभिलेखीकरण गर्ने तथा स्वीकृत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं वित्तीय अनुशासन कायम गर्न आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ५: नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन संशोधन प्रस्ताव निर्णयार्थ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगर प्रमुखबाट निर्णयार्थ प्रस्तुत नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) प्रतिवेदन संशोधन प्रस्ताव, २०८३ माथि पहिलो बैठकमा सम्पन्न छलफलबाट प्राप्त राय, सुझाव तथा पृष्ठपोषणलाई आवश्यकताअनुसार समावेश गरी उक्त संशोधन प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएकोले प्रचलित कानुनी व्यवस्थाबमोजिम कार्यान्वयन, अभिलेखीकरण तथा आवश्यक स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउन नगरसभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ६: नगरपालिकाको केहि ऐन संशोधन गर्न बनेको विधेयक, २०८२ निर्णयार्थ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगर प्रमुखबाट निर्णयार्थ प्रस्तुत "नगरपालिकाका केही ऐन संशोधन गर्न बनेको विधेयक, २०८३" माथि अघिल्लो बैठकमा भएको सैद्धान्तिक तथा दफावार छलफलका क्रममा नगरसभा सदस्यहरूबाट प्राप्त राय, सुझाव तथा पृष्ठपोषणलाई आवश्यकतानुसार समावेश गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाबमोजिम निर्णयार्थ प्रस्तुत हुँदा उक्त विधेयक सर्वसम्मतिबाट स्वीकृत एवं पारित भयो। पारित उक्त विधेयकलाई प्रचलित कानुनी व्यवस्थाबमोजिम सभाध्यक्षबाट प्रमाणीकरण गरी अभिलेखीकरण तथा स्थानीय राजपत्रमा

प्रकाशनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन नगरसभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

"स्वीकृत भएको सूर्यविनायक नगरपालिकाका केही ऐन संशोधन गर्ने सम्बन्धी विधेयक,२०८३ मा संशोधन भएका ऐनहरु:"

| क. सं. | ऐनहरु | संशोधन |
|---|---|---|
| (१) | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ | प्रथम संशोधन, २०८३ |
| (२) | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ | प्रथम संशोधन, २०८३ |
| (३) | सहकारी ऐन, २०७४ (दोस्रो संशोधन २०८२ समेत) | तेस्रो संशोधन, २०८३ |
| (४) | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ | प्रथम संशोधन, २०८३ |
| (५) | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ (प्रथम संशोधन २०८२ समेत) | दोस्रो संशोधन, २०८३ |
| (६) | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७५ | प्रथम संशोधन, २०८३ |
| (७) | शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन २०७८ समेत) | तेस्रो संशोधन, २०८३ |
| (८) | स्थानीय सेवा व्यवस्थापन ऐन, २०७६ (प्रथम संशोधन २०७८ समेत) | खारेज गरिएको छ। |
| (९) | राजस्व ऐन, २०७६ (प्रथम संशोधन २०८२ समेत) | दोस्रो संशोधन, २०८३ |
| (१०) | सूर्यविनायक नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०७७ (प्रथम संशोधन २०८२ समेत) | दोस्रो संशोधन, २०८३ |
| (११) | अस्पतालको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७७ (प्रथम संशोधन २०८२ समेत) | दोस्रो संशोधन, २०८३ |
| (१२) | स्वास्थ्य सेवा ऐन, २०७७ | प्रथम संशोधन, २०८३ |
| (१३) | जलस्रोत ऐन, २०७७ | प्रथम संशोधन, २०८३ |
| (१४) | ऐन, कानून, तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७७ | प्रथम संशोधन, २०८३ |
| (१५) | उपभोक्ता हक हित संरक्षण ऐन, २०७८ (प्रथम संशोधन २०८२ समेत) | दोस्रो संशोधन, २०८३ |
| (१६) | उद्योग व्यवसाय दर्ता तथा सञ्चालन ऐन, २०७८ (प्रथम संशोधन २०८२ समेत) | दोस्रो संशोधन, २०८३ |
| (१७) | वन,वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ | प्रथम संशोधन, २०८३ |
| (१८) | करार सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धी ऐन, २०७९ (प्रथम संशोधन २०८२ समेत) | दोस्रो संशोधन, २०८३ |

| | | |
|---|---|---|
| (१९) | आधारभूत स्वास्थ्य तथा सरसफाइ व्यवस्थापन ऐन, २०८० | प्रथम संशोधन, २०८३ |
| (२०) | सूर्यविनायक नगर खेलकुद विकास ऐन, २०८० (प्रथम संशोधन २०८२ समेत) | तेस्रो संशोधन, २०८३ |
| (२१) | सार्वजनिक, नीजि तथा साझेदारी ऐन, २०८० | प्रथम संशोधन, २०८३ |
| (२२) | विवाद निरुपण सम्बन्धी ऐन, २०८० | प्रथम संशोधन, २०८३ |
| (२३) | सूर्यविनायक नगर खेलकुद विकास ऐन, २०८० (प्रथम संशोधन २०८२ समेत) | दोस्रो संशोधन, २०८३ |
| (२४) | सूर्यविनायक नगरपालिकाको आर्थिक कार्यविधि (नियमित गर्ने) ऐन, २०८१ | प्रथम संशोधन, २०८३ |
| (२५) | संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ (दोस्रो संशोधन, २०८२ समेत) | तेस्रो संशोधन, २०८३ |
| (२६) | नगर प्रहरी बल (गठन, सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२ | प्रथम संशोधन, २०८३ |
| (२७) | भवन निर्माण नक्सा पास ऐन, २०८२ | प्रथम संशोधन, २०८३ |

**निर्णय नं. ७: आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) तथा विनियोजन विधेयक, २०८१ पेश, छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।**

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगर उपप्रमुखबाट आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) र विनियोजन विधेयक, २०८३ सभासमक्ष प्रस्तुत गरियो । प्रस्तुत बजेट तथा कार्यक्रम र विनियोजन विधेयकमाथि नगरसभा सदस्यहरूबाट विस्तृत छलफल सम्पन्न भई प्राप्त राय, सुझाव तथा पृष्ठपोषणलाई आवश्यकताअनुसार समावेश गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत एवं पारित भयो। पारित बजेट तथा कार्यक्रम र विनियोजन विधेयकलाई सभाध्यक्षबाट प्रमाणीकरण गरी अभिलेखीकरण, स्थानीय राजपत्रमा प्रकाशन तथा कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन नगरसभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ८: विभिन्न समितिका वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा।**

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगरपालिकाअन्तर्गत गठन भएका विषयगत समितिका संयोजकहरूद्वारा प्रस्तुत देहायबमोजिमका वार्षिक

प्रतिवेदनहरूमाथि अघिल्लो बैठकमा सम्पन्न छलफलका क्रममा प्राप्त राय, सुझाव तथा पृष्ठपोषणलाई आवश्यकताअनुसार समावेश गरी उक्त प्रतिवेदनहरू निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत भएकोले अभिलेखीकरण गरी प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसहरूलाई आवश्यकता, औचित्य र उपलब्ध स्रोत-साधनका आधारमा कार्यान्वयन गर्न नगर कार्यपालिका मार्फत सम्बन्धित शाखाहरूलाई निर्देशन दिने निर्णय गरियो।

| क्र.सं. | प्रतिवेदनहरु | प्रस्तुतकर्ता | निर्णय |
|---|---|---|---|
| क) | राजश्व परामर्श समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको बिसौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत भएको । |
| ख) | सार्वजनिक लेखा समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका सदस्य श्री तारा सापकोटा | |
| ग) | न्यायिक समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | |
| घ) | विधायन समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री प्रदिप कार्की | |
| ङ) | नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | |
| च) | सामाजिक विकास समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री रविन्द्र सापकोटा | |
| छ) | आर्थिक विकास समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री पुष्पराज बस्नेत | |
| ज) | पूर्वाधार विकास समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री शिवराम राउत | |
| झ) | वन, वातावरण, विपद व्यवस्थापन समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री भगवान खत्री | |
| ञ) | सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सानुकाजी कायस्थ | |

## निर्णय नं. ९: आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम महालेखापरीक्षकको कार्यालयबाट सम्पन्न आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षणबाट प्राप्त यस

सूर्यविनायक नगरपालिकाको अन्तिम लेखापरीक्षण प्रतिवेदन सभासमक्ष पेश भई छलफल सम्पन्न भयो। छलफलका क्रममा महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएका बेरुजु, सुझाव तथा सुधार गर्नुपर्ने विषयहरूलाई गम्भीरतापूर्वक ग्रहण गर्दै बेरुजु फछ्र्यौट, वित्तीय अनुशासन सुदृढीकरण, आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन तथा लेखापरीक्षणबाट प्राप्त सुझावहरूको समयबद्ध कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तयार गरी प्रचलित कानुनी व्यवस्थाबमोजिम कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १०: मेलमिलापकर्ताहरुको सूची पेश सम्बन्धमा।

नगरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम न्यायिक समितिका संयोजकबाट आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित मेलमिलापकर्ताहरूको सूची सभासमक्ष पेश भई छलफल सम्पन्न भयो। छलफलका क्रममा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई आवश्यकताअनुसार समावेश गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम उक्त मेलमिलापकर्ताहरूको सूची सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ११: आ.व. २०८२/०८३ को दायित्व सरेको भूक्तानी स्वीकृत गर्ने।

आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित बजेटअन्तर्गत कार्य सम्पन्न भई विभिन्न प्रशासनिक तथा प्राविधिक कारणवश सोही आर्थिक वर्षभित्र भुक्तानी हुन नसकी आर्थिक वर्ष २०८२/०८३ मा दायित्व सरी आई प्रचलित कानुनी व्यवस्था बमोजिम भुक्तानी भएका योजना तथा कार्यक्रमहरूको विवरण सभासमक्ष प्रस्तुत हुँदा उक्त भुक्तानीलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२: आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रमहरुको फरफारक सम्बन्धमा ।

आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत तथा कार्यपालिकाबाट संशोधित बजेट एवं कार्यक्रमबमोजिम कार्यान्वयन सम्पन्न भई नियमानुसार भुक्तानी भएका योजना तथा कार्यक्रमहरूको वित्तीय तथा प्रशासनिक फरफारक सम्बन्धित कागजात र विवरणका आधारमा स्वीकृत गर्ने तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम फरफारक सम्पन्न भएको निर्णय गरियो।

**निर्णय नं. १३: विविध (क) कन्टिन्जेन्सी रकम खर्च सम्बन्धमा ।**

आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने पूँजीगत योजनाहरूका लागि प्रचलित कानुनी व्यवस्थाबमोजिम अधिकतम तीन प्रतिशतसम्म कन्टिन्जेन्सी रकम कट्टीको व्यवस्था गर्ने तथा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही कन्टिन्जेन्सी रकम परिचालनसम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गर्न आवश्यक अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ विविध (ख) निर्णय अनुमोदन सम्बन्धमा ।**

यस आर्थिक वर्ष २०८२/०८३ मा नगरसभाबाट प्रत्यायोजित अधिकार तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम नगर कार्यपालिका, विषयगत समिति, न्यायिक समिति, अन्य समिति तथा कर्मचारी व्यवस्थापनसँग सम्बन्धित बैठकहरूबाट भएका निर्णयहरूको विवरण सभासमक्ष प्रस्तुत हुँदा ती निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ विविध (ग) तलबी प्रतिवेदन सम्बन्धमा**

आर्थिक प्रशासन शाखाबाट तयार गरिएको सूर्यविनायक नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि कर्मचारीहरूको तलब, भत्ता, ग्रेड तथा अन्य सुविधासम्बन्धी विवरण समावेश भएको तलवी प्रतिवेदन, २०८३ सभासमक्ष प्रस्तुत हुँदा उक्त प्रतिवेदनलाई स्वीकृत गर्ने तथा प्रचलित कानुनी व्यवस्थावमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ विविध (घ) गैरसरकारी संस्था सम्बन्धमा**

आर्थिक वर्ष २०८३/०८४ मा यस नगरपालिकाभित्र कार्यक्षेत्र रही विभिन्न गैरसरकारी संस्थाहरूबाट सञ्चालन गरिने प्रस्तावित कार्यक्रमहरू नगरपालिकाको नीति, योजना, प्राथमिकता तथा प्रचलित कानुनी व्यवस्थासँग अनुकूल हुने गरी नगरपालिकाको प्रत्यक्ष समन्वय, निर्देशन, अनुगमन तथा नियमनमा सञ्चालन गर्ने व्यवस्था मिलाउन तथा आवश्यक स्वीकृति प्रदान गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ विविध (ङ) बेरुजु नियमित सम्बन्धमा**

यस महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरूमध्ये आवश्यक प्रमाण, पुष्ट्याइँ तथा कागजात प्राप्त भई प्रक्रियागत रूपमा नियमित गर्न मिल्ने प्रकृतिका बेरुजुहरूलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, प्रचलित ऐन, नियम तथा मापदण्डको अधीनमा रही नियमित तथा

| | | | |
|---|---|---|---|
| | स्पेदर १ लिटर प्रतिवर्गमिटर इस्टिमेट राखी सोहि दरमा कार्य सम्पन्न गराएको छ ।बढी परिमाणमा भुक्तानी भएको नियमित नदेखिएको | | |
| ५९ | प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०७५ को प्रथम संशोधन, २०७७ बमोजिम एक विद्यालय वा समुदायमा २५ जना सम्म विद्यार्थीका लागी १ जना बाल विकास सहजकर्ता राख्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत देहायका विद्यालयमा २५ जना भन्दा कम विद्यार्थी संख्या रहेको विद्यालयमा पनि २ देखी ३ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु.१२००० का दरले र पालिकाबाट रु.७००० का दरले र पालिकाले थप नियुक्त गरी रु.१७००० का दरले भुक्तानी भएको छ । बालविकास सहजकर्ता नियुक्ति गर्दा कक्षा मा विद्यार्थी संख्याका आधारमा नियुक्त गरी निकासा दिनुपर्नेमा देहायका विद्यालयमा सो अनुपात भन्दा कम विद्यार्थी रहेकोमा समेत तोकेको भन्दा बढी बाल विकास सहजकर्ता नियुक्ति गरी खर्च लेखेकोले पालिकालाई बढी व्ययभार परेको छ। यसरी मापदण्ड भन्दा बढी बालविकास सहजकर्ता नियुक्त गरी खर्च गरेको रु.२०५६००० नियमसम्मत नदेखिएको | रु.२०५६००० | लेखा समितिको निर्णय र नियमानुसारको पुष्ट्याई संलग्न गरिएको । |
| | | रु२,७५,४३,८३२ | |

उल्लेखित बेरुजुहरू नियमित गर्नका लागि आवश्यक प्रमाण, कागजात तथा पुष्ट्याईंसहित प्रचलित कानुनी व्यवस्थाबमोजिम महालेखा परीक्षकको कार्यालय तथा सम्बन्धित निकायमा आवश्यक प्रक्रिया अगाडि बढाउने तथा भविष्यमा यस्ता प्रक्रियागत त्रुटि दोहोरिन नदिन आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउँदै आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व र प्रचलित कानुनको पूर्ण पालना गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं. १३ विविध (च): बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा सम्बन्धमा:**

नगरसभाको २०औं अधिवेशनको यस बैठकमा बालमैत्री स्थानीय शासन (Child Friendly Local Governance-CFLG) कार्यान्वयनको हालसम्मको प्रगति, संघीय सरकार तथा प्रदेश सरकारबाट निर्धारित सूचकहरूको परिपालना, जिल्ला समन्वय समितिबाट सम्पन्न स्थलगत अनुगमन तथा प्राप्त प्रतिवेदनसमेतका आधारमा छलफल सम्पन्न भयो। छलफलबाट नगरपालिकाअन्तर्गतका सबै वडाहरूमा बालमैत्री स्थानीय शासनका निर्धारित सूचकहरू यथाशीघ्र पूरा गरी चालु आर्थिक वर्षभित्र सबै वडालाई बालमैत्री वडा घोषणा गर्ने तथा त्यसपश्चात् आवश्यक प्रक्रिया पूरा गरी

सूर्यविनायक नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने नीतिगत निर्णय गर्दै सोसम्बन्धी सम्पूर्ण प्रक्रिया समयबद्ध रूपमा सम्पन्न गर्न नगर कार्यपालिकालाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १३ विविध (छ): सार्वजनिक महत्त्वको प्रस्ताव सम्बन्धमा**

गरसभाको २०औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूचीबमोजिम नगरपालिकाको दिगो विकास, समृद्धि, सुशासित, उत्तरदायी तथा प्रमाणमा आधारित योजना तथा निर्णय प्रणालीलाई संस्थागत गर्ने र सेवा प्रवाहलाई सुदृढीकरण गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०८२/०८३ मा तयार नगरपालिकाबाट तथा परामर्शदाताबाट समेत सम्पन्न भएका सबै अध्ययन, सर्वेक्षण, अनुसन्धान, विषयगत प्रतिवेदन, रणनीति, गुरुयोजना तथा परामर्श प्रतिवेदनहरूलाई नगरसभाले ग्रहण गर्ने निर्णय गर्दछ। साथै, ती प्रतिवेदनहरूमा समावेश भएका तथ्य, निष्कर्ष, सिफारिस तथा कार्ययोजनाहरूलाई आगामी नीति, योजना, बजेट तर्जुमा, सेवा प्रवाह, संस्थागत क्षमता विकास तथा स्थानीय शासन सुदृढीकरणका आधार दस्तावेजका रूपमा उपयोग गर्दै क्रमशः कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १३ विविध (ज): नगर अस्पताल सम्बन्धमा**

(अ) नगर अस्पताल व्यवस्थापन समिति तर्फको अस्थायी दरबन्दीमा सूचना प्रविधि अधिकृतको दरबन्दी थप सहित आवश्यक संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

(आ) चालु आर्थिक वर्ष २०८२/८३ को विभिन्न मितिमा सम्पन्न नगर अस्पताल व्यवस्थापन समितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ (ज): बजेट संशोधन अख्तियारी सम्बन्धमा**

आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका क्रममा आवश्यकता अनुसार कार्यक्रम सञ्चालन, स्रोत व्यवस्थापन, बजेट कार्यान्वयनमा देखिएका व्यावहारिक कठिनाइहरूको समाधान तथा संघीय/प्रदेश सरकारबाट प्राप्त हुने थप वा संशोधित कार्यक्रम एवं बजेटलाई समायोजन गर्नुपर्ने अवस्था सिर्जना हुन सक्ने भएकाले प्रचलित कानुनको अधीनमा रही स्वीकृत बजेट तथा कार्यक्रमभित्र आवश्यक संशोधन, परिमार्जन, रकमान्तर, कार्यक्रम समायोजन तथा कार्यान्वयनसम्बन्धी आवश्यक निर्णय गर्ने अख्तियारी नगर प्रमुखलाई प्रदान गर्ने निर्णय गरियो। उक्त निर्णयहरूको विवरण आवश्यकतानुसार कार्यपालिका तथा नगरसभालाई जानकारी गराइनेछ।

विविध (झ): अधिवेशन सम्पन्न गर्ने सम्बन्धमा

नगरसभाको २०औं अधिवेशनको स्वीकृत कार्यसूचीमा समावेश सबै प्रस्ताव तथा विषयहरूमा आवश्यक छलफल सम्पन्न भई सम्वन्धित निर्णयहरू सर्वसम्मतिबाट पारित भएकोले यस अधिवेशनका सम्पूर्ण कार्यसूची सम्पन्न भएको घोषणा गर्दै नगरसभाको २०औं अधिवेशन आजकै मितिदेखि सम्पन्न भएको घोषणा गर्ने निर्णय गरियो। साथै, अधिवेशनबाट पारित नीति तथा कार्यक्रम, बजेट, विधेयक, प्रतिवेदन तथा अन्य निर्णयहरूको प्रमाणीकरण, अभिलेखीकरण, स्थानीय राजपत्रमा प्रकाशन तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन नगरसभा सचिवालय तथा नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।